मिर्चैया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश

**मिति २०७९/०९/२० गते बसेको ५४ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०७९/०९/२० गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.प्रमुख प्रशासकीय अधिकृत | श्री सुजित कुमार यादब | -सचिब |

**प्रस्ताव न.१.योजना संचालन सम्बन्धमा ।**

निर्णय

मिति २०६९/१०/१० गते भित्र वडास्तरीय सवै योजनाहरू संचालन गर्ने गराउने र सो को लागि आ-आफ्नो तर्फवाट पहल गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव न.२. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिका र अन्तर्गतको कार्यालयमा आबश्यक रहेको २ जना कार्यालय सहयोगी नियुक्ति गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव न.३. कृषि मिटर सम्बन्धमा ।**

निर्णय

यस मिर्चैया नगरपालिकाको सबै वडाहरुमा कृषि सिचाईको लागि छुटै ट्रान्सफरमर र त्यसमा सिचाई मिटर जडानको लागि नेपाल विद्युत प्राधिकरणसंग माग गर्ने र किसानहरूको (फर्म संस्था बाहेक) सिचाई प्रयोजनमा प्रयोग हुने सम्पूर्ण बिलको रकम मिर्चैया नगरपालिका र वडाको बजेटबाट तिर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव न ४.घर भाडा निर्धारण सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिका र अन्तर्गतको कार्यालयकालागि आवश्यक रहेको घर भाडामा लिएको घर भाडाको म्याद यस आ.ब. सम्म थप गर्ने साथै नियमानुसार घरभाडा १० प्रतिशतले बृद्दि गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव न. ५.राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७९/६/२६, २०७९/०७/१५, २०७९/०८/६ गतेको धुर्मी खोला ठेक्का सम्बन्धमा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।साथै राजस्व परामर्श समितिको बेरुजु समपरिक्षण सम्बन्धि मिति २०७९/०८/०६ गतेको निर्णय सर्व सहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताब न.६.योजना मांग गर्ने सम्बन्धमा।**

निर्णय

राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र संघीय सरकारबाट तपसिल वमोजिमको योजनाहरू माग गर्ने सर्वसहमतिले निर्णय गरियोः

तपसिल

(अ) राष्ट्रिय योजना आयोगबाट माग गर्ने योजनाहरूः

(क) समपूरक अनुदान तर्फः

(१) बतहा खोलामा डबल स्पान पुल निर्माणको क्रमागत बजेट

(२) मिर्चैया बाह्र बिघादेखी महदेवा रजैया सडक खण्ड स्तरोन्ती तथा कालोपत्रे

(ख) विशेष अनुदान तर्फ

(१) वडा नंः ९ र ११ को लागि वडा कार्यालयहरु निर्माण कार्य

(२) दुर्गम क्षेत्रमा पर्ने विपन्न वर्गको बडा नंः ७ र ९ को खानेपानी पहुँच कार्यक्रम

(३) आ.वि. राधोपुर स्कुलको ८ कोठे भवन निर्माण कार्य

(४) नगर स्तरीय दलित तथा अति पिछडिएको समुदायका गर्भवती तथा सुत्केरीहरुको लागि पोषण आहार तथा क्यालसियम चक्की खुवाउने कार्यक्रम

(५) जिवा र बतहा खोला छेउमा रहेको वस्ती बचाउन खोला नियन्त्रण कार्य

**प्रस्ताब न.७.हिउँदे नगर सभा सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाको हिउँदे नगर सभा २०७९ साल माघ महिनामा गर्ने सर्वसहमतिले गर्ने निर्णय गरियो ।

**प्रस्ताब न.८.शिक्षकहरूको दरबन्दि मिलान सम्बन्धमा ।**

निर्णय

यस नगरपालिका भित्र रहेको विद्यालयहरुको अनुगमन गरी पठन पाठनको अवस्था अध्ययन गरी विद्यालयको शिक्षक र कर्मचारीहरुको दरबन्दि मिलानको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव न.९.कम्बल वितरण सम्बन्धमा ।**

निर्णय

शितलहरबाट पिडित असक्त,बृद्ध ,पूर्ण अपाङ्ग ,असहाय वालवालिका,विपन्न सुत्केरी ,अति विपन्न गरिव समुदाय ,एकल महिला लगायतको लागि कम्बल वितरण गर्ने निर्णय गरियो ।